# सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिका -८ स्थित पहिरोमा परी मिनि ट्रक सुनकोसी नदिमा खस्यो

मिति:-२०७४।०५।०२ गते अ २१:०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक बलेफि गाउंपालिका– ८ अरनिको राजमार्ग बाह्रविसे जाने बाटोमा जुरे लाङटाङ भन्ने स्थानमा अविरल वर्षाको कारण माथिबाट पहिरो र माटोको लेदो आई अं ५०० मिटर सडक खण्डमा पहिरो गएको हुदा बाटो पूर्ण रुपमा अवरुद्ध भएको र उक्त पहिरोले बा ४ ख २६१५ नं.को मिनि ट्रक बगाई सुनकोशी नदिमा लगेको र खो.त.गर्दै जाने क्रममा आज मिति २०७४।०५।३ गते १५:०० बजे उक्त गाडी बलेफी गा.पा.र त्रिपुरासुन्दरी गा.पा.६ स्थित सुनकोशी जलबिधुत आयोजनाको ड्याम भन्दा ५० मि.तल देखिएको उक्त गाडी झिक्न सक्ने अबस्थामा नरहेको ,मानवीय क्षती नभएको ,पहिरो हटाई बाटो एक तर्फी सुचारु,उक्त स्थानमा प्रहरी चौकी लामोसाघुँ बाट प्र.स.नि.को कमाण्डमा – ४ जनाको टोली खटि गएको उक्त स्थान यस का. बाट अं ४ कि.मी. दक्षिण पर्ने व्यहोरा यस जिल्ला आपतकालिम कार्य सञ्चालन केन्द्रमा प्राप्त भएको अवगत गराईन्छ ।

स्रोत: जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, चौतारा साँगाचोकगढि नं. पा, सिन्धुपाल्चोक